# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः१३ मितिः २०८०।०२।१८


## भाग-२

## इनरुवा नगरपालिका

# बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि -२०८०

नगर कार्यपालिकाबाट स्वीकृति मितिः २०८०।०२।१८

प्रमाणीकरण मितिः २०८०।०२।१८ गते

# बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि -२०८०

**प्रस्तावना** : इनरुवा नगरपालिकामा बाल अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८०” रहेको छ ।

(२) यो कार्यविधि इनरुवा नगरपालिकाको कार्यपालिका बैठकले स्विकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “नगरपालिका” भन्नाले इनरुवा नगरपालिका सम्झनु पर्छ ।

(ख) “प्रमुख” भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ग) “उपप्रमुख” भन्नाले इनरुवा नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत संझनु पर्छ

(ङ) “संविधान” भन्नाले नेपालको संविधान,२०७२ सम्झनुपर्छ ।

(च) “ऐन” भन्नाले बालबालिका सम्वन्धि ऐन, २०७५ सम्झनु पर्छ ।

(छ) “कार्यविधि” भन्नाले इनरुवा नगरपालिकाको “बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०८० सम्झनु पर्छ ।

(ज) “वडा” भन्नाले नगरपालिकाको वडा सम्झनु पर्छ ।

(झ) “वडा समिति” भन्नाले नगरपालिकाको वडा स्तरीय बाल अधिकार समिति सम्झनु पर्दछ ।

(ञ) “वडाध्यक्ष” भन्नाले नगरपालिकाको वडाध्यक्ष सम्झनु पर्छ ।

(ट) “सञ्जाल” भन्नाले वडा र नगरपालिकाको बाल क्लव सञ्जाल सम्झनुपर्छ ।

(ठ) “समिति” भन्नाले स्थानीय बाल अधिकार समिति सम्झनु पर्दछ ।

(ड) “बालबालिका” भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## स्थानीय बाल अधिकार समिति

३. **स्थानीय बाल अधिकार समिति गठन** : (१) नगरपालिकामा देहाय वमोजिमको एक स्थानीय बालअधिकार समिति गठन गरिनेछ :-

(क) उपप्रमुख - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) शिक्षा शाखा प्रमुख - सदस्य
(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य
(घ) नगरपालिकामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्ये कार्यपालिकाबाट मनोनयन गरेको तीन जना -सदस्य
(ङ) संजालबाट कम्तिमा एक जना बालिका समेत गरी दुई जना - सदस्य
(च) सार्वजनिक विद्यालयका शिक्षकमध्येबाट कार्यपालिकाले मनोनयन गरेको एक जना - सदस्य
(छ) संस्थागत विद्‌यालयको शिक्षकहरु मध्येवाट कार्यपालिकाले मनोनयन गरेको एक जना -सदस्य
(ज) नगरपालिका स्थित प्रहरी कार्यालयको प्रतिनिधि -सदस्य
(झ) नगरपालिका स्थित स्वास्थ्य संस्थाका बालरोग चिकित्सक, बालमनोविज्ञ र मनोविमर्शकर्ता मध्येवाट कार्यपालिकाले मनोनयन गरेको दुई जना -सदस्य
(ञ) महिला स्वास्थ्य स्वयम्‌सेविका मध्येवाट कार्यपालिकाले मनोनयन गरेको एक जना - सदस्य
(ट) अपांगता भएका व्यक्तिहरुको क्षेत्रमा कार्य गर्ने संस्थावाट कार्यपालिकाले मनोनयन गरेको एक जना -सदस्य
(ठ) बाल कल्याण अधिकारी -सदस्य सचिव

(२) बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछः-

(क) नगरपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन गर्ने, अद्यावधिक गर्ने र नगरपालिकामा पेश गर्ने,

***स्पष्टीकरण:*** विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले (आमाबाबु, अभिभावकविहीन (अनाथ) बालबालिका, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका तथा बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका, कानूनी विवादमा परेका

बालबालिकामध्ये वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका, थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको सन्तानलाई आफूले पालनपोषण गर्न नसक्ने भनी निवेदन परेका बालबालिका, बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका, जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न वा धुम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका, गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्याका कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवन यापन गर्न कठिनाइ भएका बालबालिका,बालबालिकाविरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका, सशस्त्र द्वन्द्व वा विपदका कारणले बाबुआमा दुबै वा आमाबाबुमध्ये एक गुमाएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका, परित्यक्त तथा सडकमा आश्रित बालबालिका, कानून बमोजिम तोकिएका अन्य बालबालिकालाई जनाउँदछ ।

(ख) नगरपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल अधिकार समिति, न्यायिक समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने,

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने,

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने,

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने तथा कार्यक्रम संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने,

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने,

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने,

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने,

(झ) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी विषय (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने,

(ञ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि नगरपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने,

(ट) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने,

(ठ) बालबालिकासंग सम्बन्धित दिवसहरु नगरपालिका स्तरीय निकायहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने,

(ड) वडा बाल अधिकार समिति, सञ्जाल र अन्य सरोकारवालावीच समन्वय,सहकार्य र सम्पर्क गर्ने,

(ञ) नगरपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति पेश गर्ने,

(ट) पालिका भित्र रहेको पुनर्स्थापना केन्द्रको नियमीत अनुगमन र निरिक्षण गर्ने ।

(ठ) अन्य कानून वा कार्यपालिकाले तोकिए बमाजिमका अन्य कार्य गर्ने ।

(२) समितिको पदावधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

४. <u>**समितिको वैठक सम्बन्धी कार्यविधिः**</u> (क) समितिको वैठक वर्षको कम्तीमा चार पटक वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

## परिच्छेद- ३
## वडा समिति

**५. वडा समितिको गठन** : (१) नगरपालिकाको प्रत्येक वडामा देहाय वमोजिमको एक स्थानीय बालअधिकार समिति गठन गरिनेछ :-

| | | |
|---|---|---|
| (क) | वडा अध्यक्ष | : संयोजक |
| (ख) | वडाका निर्वाचित सदस्य ४ जना | : सदस्य |
| (ग) | संरक्षक शिक्षकमध्येबाट वडा समितिले मनोनयन गरेको १ जना | : सदस्य |
| (घ) | महिला स्वास्थ्य स्वास्थ्यसेविकामध्येबाट वडा समितिले मनोनयन गरेको १ जना | : सदस्य |
| (ङ) | सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थामध्येबाट वडा समितिले मनोनयन गरेको १ जना | : सदस्य |
| (च) | विद्यालय व्यवस्थापन समितिबाट वडा समितिले मनोनयन गरेको १ जना | : सदस्य |
| (छ) | वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जना | : सदस्य |
| (ज) | वडाको अपांगता भएका व्यक्तिमध्येबाट १ जना | : सदस्य |
| (झ) | वडाको बालबालिका डेस्क हेर्ने सम्पर्क व्यक्ति | : सदस्य सचिव । |

(२) वडा समितिको पदावधि नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**६. वडा समितिको काम, कर्तव्य र अधिकार :** वडा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्यांक संकलन र अद्यावधिक गरी नगरपालिकामा पेश गर्ने,

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, बाल क्लब, मञ्च, समुह, बाल अधिकार समिति, निगरानी समिति, मेलमिलाप केन्द्र, आपतकालिन संरक्षण केन्द्र लगायतका निकायहरुको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरुसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने,

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मुल्याङ्कन र निरीक्षण गर्ने,

(घ) बालअधिकारको संरक्षण र सम्वर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सिर्जना गर्ने,

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने तथा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने खालका कार्यक्रमको संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने,

(च) बालअधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने,

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने,

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र नगरपालिकालाई बालसंरक्षणमा प्रभावकारी हुन मद्दत गर्ने,

(झ) बालक्लव, वडा बाल सञ्जाल, सरोकारवालाहरु र नगरपालिका वीच समन्वय र सम्पर्क गर्ने,

(ञ) वडामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति नगरपालिकामा पेश गर्ने,

(ट) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका (विशेष गरी हिंसा, दुर्व्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने,

(ठ) बालसंरक्षण सम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्धार, पुनर्स्थापना, परिवार शिक्षा, कानूनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि नगरपालिकाबाटै वा अन्य स्थानीय तह, गैर सरकारी सेवा प्रदायक वा नीजि क्षेत्रबाट परिचालन गर्न सकिने गरी सूचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने,

(ड) अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकामा दीर्घकालीन प्रभाव पर्ने विषयमा आफूखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरू हुन नदिन नियमित अनुगमन गर्ने,

(ढ) बालबालिकासंग सम्बन्धित दिवसहरु नगरपालिका तथा बालबालिकासँग कार्यरत सरोकारवालाहरुसंगको समन्वय तथा सहकार्यमा मनाउने,

(ण) वडा स्तरमा बालमैत्री स्थानीय शासन समितिको जिम्मेवारी निर्वाह गर्ने,

(त) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

७. **समितिको वैठकसम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक वर्षको कम्तीमा चार पटक वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

८. **बाल अधिकार प्रवर्द्धन समिति :** वडाभित्र आवश्यकताका आधारमा वडा बालअधिकार समितिलाई सहयोग गर्न समुदाय स्तर वा टोल स्तरमा बढीमा ७ सदस्यीय बाल

अधिकार प्रवर्द्धन समिति गठन गर्न सकिने छ। सो समितिको संयोजक वडा समितिले मनोनित गर्नेछ । उक्त समितिमा बालक्लव, संरक्षक शिक्षक, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य कार्यकर्ता/स्वास्थ्य स्वयम सेविका, स्थानीय बालअधिकार अभियन्ता मध्येबाट रहनेछन् । यो समितिको पदावधि २ वर्षको हुनेछ। यसको उत्तरदायित्व वडा समितिमा निहित रहनेछ ।

## परिच्छेद- ४
## विद्यालय समिति

९. **विद्यालय समितिको गठन :** नगरपालिकाका प्रत्येक विद्यालयहरुमा २ वर्षका लागि निम्नानुसारको विद्यालय बालसंरक्षण समिति गठन गरिनेछ :-

(क) प्रधानाध्यापकले तोकेको सहायक प्रधानाध्यापक : संयोजक
(ख) विद्यालय व्यवस्थापन समितिले तोकेको १ जना सदस्य : सदस्य ।
(ग) विद्यालयमा अध्ययनरत बिद्यार्थीहरूको बालक्लबको प्रतिनिधि (१ जना छात्रा र १ जना छात्र) २ जना : सदस्य
(घ) प्रधानाध्यापकले तोकेको महिला शिक्षक १ जना : सदस्य
(ङ) अभिभावक मध्येबाट शिक्षक अभिभावक संघले तोकेको १ जना अभिभावक : सदस्य
(च) विद्यालय स्तरीय बालक्लब संरक्षक शिक्षक १ जना : सदस्य सचिव ।

१०. **विद्यालय समितिको काम, कर्तव्य र अधिकार** : विद्यालय समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिमको हुनेछ : -

(क) विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ तथा अन्य बालबालिका सम्बन्धि नीतिगत व्यवस्थाहरुलाई विद्यालय तहमा कार्यान्वयनमा ल्याउन अगुवाई गर्ने तथा बालसंरक्षणसम्बन्धी विद्यालयस्तरीय वार्षिक कार्ययोजना तयार गर्ने ।
(ख) विद्यालयलाई बालमैत्री तथा शान्तिक्षेत्र बनाउनका लागि आवश्यक आचारसंहिता सहभागितामूलक ढङ्गले निर्माण गर्ने र सोको कार्यान्वयन भए नभएको अनुगमन गरी रेकर्ड राख्ने ।
(ग) विद्यालयमा बालअधिकार हनन्का घटनाहरूको सन्दर्भमा सत्यतथ्य सङ्कलन गर्ने तथा विद्यार्थी, शिक्षक लगायतबाट आएका गुनासो, उजुरी एवं सुझावहरू लिई सोको कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने, गराउने तथा सोको जानकारी र आवश्यक कारवाहीको सिफारिस वडा बाल संरक्षण समितिलाई प्रदान गर्ने ।
(घ) विद्यालयमा बालबालिकासँग सम्वन्धित योजना निर्माण तथा आवश्यक समन्वय गरी सम्वन्धित निकायहरुमा पुर्‍याउने तथा कार्यान्वयन गर्ने ।
(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

११. **समितिको वैठकसम्बन्धी कार्यविधिः**

(क) समितिको वैठक महिनामा कम्तीमा एक पटक वस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(घ) विद्यालय समितिले आफ्नो कार्यप्रगती वडा बाल अधिकार समितिमा अनिवार्य पेश गर्नुपर्नेछ ।

## परिच्छेद- ५
## बाल क्लव र सञ्जाल

**१२. बालक्लव :** (क) नगरक्षेत्रका प्रत्येक विद्यालयमा अनिवार्य रूपमा एक स्थायी बालक्लव रहने छ । बालक्लव गठन गर्न प्रमुख प्रशासकिय अधिकृतवाट अनुसुचि-१ बमोजिमको विधान प्रमाणित गरी बालक्लवलाई उपलव्ध गराउनुपर्नेछ ।

(ख) विद्यालयका सबै विद्यार्थीहरु बालक्लवका सदस्य रहने छन् । तर बालक्लवमा सदस्य हुनका लागि विद्यार्थीले ८ वर्ष उमेर पुरा भई १८ वर्ष पुरा नगरेको हुनुपर्नेछ ।

(ग) बालबालिकाको भेलाबाट बालक्लवको बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ जस्मा कम्तिमा ५० प्रतिशत बालिका सहित लैङ्गिक, अपांगता भएका, सामाजिक समावेशीकरणको सुनिश्चितता गरिने छ ।

(घ) बालक्लवको गठन तथा अध्यावधिक प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियान पछि एक महिना भित्र गरी, संरक्षक र प्रधान संरक्षक शिक्षक तोकि विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा नगरपालिकामा सुचीकृत गर्न अनुसुचि-२ बमोजिम निवेदन दिनुपर्नेछ ।

(ङ) नगरपालिकाले रितपूर्वक आएका बालक्लवहरुलाई सुचिकृत गरी अनुसुची-३ अनुसारको प्रमाणपत्र दिनेछ ।

(च) सूचीकृत बाल क्लबहरू हरेक वर्ष अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल क्लबको वार्षिक भेलाको उपस्थिति र विद्यमान कायर्समितिको नामावली, संरक्षकको नाम र सम्पर्क ठेगाना र बाल क्लबले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्यप्रगति सलंग्न गर्नु पर्नेछ ।

(घ) आवद्धता तथा सूचीकरणका लागि बाल क्लबको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्ने छन । बाल क्लबको नाम त्यसै क्षेत्रको अर्को बाल क्लबको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन ।

(ङ) बाल क्लबको नामसँग कुनैपनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने तर आफ्नो नाममा विद्यालयको नाम जोड्न सक्नेछन् ।

(च) बालक्लवले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक विकास, वातावरण, जोखिम न्युनिकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरुको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(छ) बालक्लवको कार्यलाई सहयोग र विस्तार गर्नका लागि बालक्लवले विभिन्न उप समितिहरु निर्माण गर्न सक्ने छ ।

१३. **<u>बालक्लबको बैठक</u>** : (१) सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले उपयुक्त स्थान र समयमा कम्तिमा महिनाको १ पटक बैठक सञ्चालन गर्नु पर्नेछ ।

(२) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(३) बैठक सामान्यतया अधिकतम २ घण्टाभन्दा बढी समय बस्ने छैन ।

(४) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ ।

(५) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्नेछः

(१) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(२) बाल क्लबको बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा,

(३) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधि,

(४) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरु ।

१४. **<u>सञ्जालको गठन</u>** : (१) बालक्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्न, बाल सहभागितालाई संस्थागत गर्न र एक आपसबाट सिकाईका अवसर सृजना गर्न नगरपालिका र प्रत्येक वडामा एक बाल क्लब सञ्जाल गठन गर्न सकिनेछ ।

(२) प्रत्येक वडामा वढीमा ११ सदस्यिय वडा बाल सञ्जाल तथा नगरमा वढीमा १५ सदस्यीय एक नगर बाल सञ्जाल अनिवार्य रहने छ ।

(३) सबै बाल सञ्जालको आबद्धता वडा समितिको सिफारिसमा नगरपालिकासँग रहनेछ । वडा बाल सञ्जालको संरक्षक वडा अध्यक्ष रहनेछन् र नगर बाल सञ्जालको संरक्षकत्व नगर प्रमुखले ग्रहण गर्नेछन् ।

(३) वडा बाल सञ्जाल गठन गर्नका लागि विद्यालय बालक्लवका पदाधिकारीहरु र नगरपालिका बाल सञ्जाल गठन गर्दा वडा बाल सञ्जालका पदाधिकारीहरु मध्येबाट गठन गरिनेछ ।

***स्पष्टीकरण*** : पदाधिकारी भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षलाई जनाउँदछ ।

(४) वडा बाल सञ्जालमा सामाजिक समावेशीकरणलाई ध्यान दिई कम्तिमा ५० प्रतिशत बालिका र १० प्रतिशत दलित र ५ प्रतिशत अपांगता भएका बालबालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष मा कम्तिमा अनिवार्य ४० प्रतिशत बालिका हुनुपर्नेछ ।

(५) नगरपालिका स्तरीय सञ्जालमा कम्तिमा ५० प्रतिशत बालिका र १० प्रतिशत अल्पसंख्यक, दलित र ५ प्रतिशत अपांगता भएका बालबालिकाको सहभागिता सुनिश्चित हुनुपर्नेछ । जसमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा कम्तिमा अनिवार्य ४० प्रतिशत बालिका हुनुपर्नेछ रहनेछन ।

(६) वडा र नगरस्तरीय सञ्जाल गठन गर्न आयोजना गरिने भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,
(ख) भेलामा छलफल हुने विषयहरू,
(ग) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,
(घ) अन्य आवश्यक विषयवस्तु ।

(७) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ । नेतृत्व चयनका लागि वडा र नगर बालअधिकार समितिले बालअधिकारका क्षेत्रमा अनुभव प्राप्त ३ जनाको समिति निर्माण गरि जिम्मेवारी प्रदान गर्नुपर्नेछ । यद्यपी सर्वसम्मत नभएको अवस्थामा प्रजातान्त्रिक प्रकृयावाट सञ्जालहरु गठन गरिनेछ । बालबालिका माझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव, स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

(८) बालक्लव तथा सञ्जालहरु गठन भएको एक महिनाभित्र वडाको सिफारिसमा नगरपालिकामा सूचीकृत गर्नु पर्नेछ ।

१५. **क्लव र सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** क्लब र सञ्जालका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. वैठक र भेलाको अध्यक्षता ग्रहण गर्ने ।
२. बैठक वा भेलामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने ।
३. आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।
४. समुहको निर्णय र नगरपालिका तथा वडाको निर्देशन कार्यान्वयन गर्ने गराउने । जालको प्रतिनिधि चयन गरी पठाउने वा प्रतिनिधित्व गर्ने ।
६. उपाध्यक्ष र सदस्यहरुलाई विषयगत कार्यभार विभाजन गरी दिने ।
७. सात दिन भन्दा बढी समयका लागि अनुपस्थित भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
८. वडा र नगरपालिकासँग समन्वय गरी वा अन्य संघ संस्था वा निकायहरुसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने ।
९. तोकिएको अन्य कार्य गर्ने ।

**ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार**

१. अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भै कार्य गर्ने ।

२. तोकिएको अन्य काम गर्ने ।

**ग. सचिवको काम, कर्तव्य र अधिकार**

सचिवले अध्यक्षको प्रत्यक्ष निर्देशनमा रही देहायको काम कर्तव्य र अधिकारको प्रयोग तथा पालन गर्नु पर्नेछः

१. स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२. सम्बन्धित व्यक्तिको अध्यावधिक अभिलेख राख्ने ।
३. चल, अचल तथा जिन्सी सम्पत्तिको लगत राख्ने ।
४. बैठकको माइन्यूट गर्ने, निर्णय गर्ने पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने ।
५. प्रशासकीय कार्य गर्ने ।
६. अध्यक्षको निर्देशन अनुसार वैठक बोलाउने ।
७. तोकिएको अन्य कार्य गर्ने ।

**घ. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।
२. तोकिएको अन्य कार्य गर्ने ।

**ङ. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. आय व्यय दुरुस्त राख्ने ।
२. आर्थिक वजेट तयार गरी वैठकमा पेश गर्ने ।
३. आर्थिक सहयोग जुटाउने ।
४. आर्थिक कारोवार सम्वन्धी जिम्मेवारी पूरा गर्ने ।

**च. सदस्यको काम कर्तव्य र अधिकारः**

१. वैठकमा सहभागी हुने ।
२. निर्णयको लागि आफ्नो मत पेश गर्ने ।
३. तोकिएको कार्य गर्ने ।
४. सञ्जालको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।
५. विभिन्न गतिविधिहरुमा सहभागि हुने

**१६. <u>बालक्लब र सञ्जालको योजना निर्माण तथा कार्यक्रम</u>** : देहायका अवस्थालाई ध्यान दिइ बालबालिका सम्बन्धी योजना निर्माण गर्नुपर्ने छ :-

(क) बाल क्लब र सञ्जालको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्ने छ । यसरी योजना निर्माण गर्दा वार्षिक कम्तीमा ३ वटा कार्यक्रम राख्नु पर्नेछ ।

(ख) बाल क्लब र सञ्जालको कार्यक्रम तथा योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर, विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

(ग) बाल क्लब र सञ्जालको कार्यक्रम मूलतः देहायको विषयमा केन्द्रीत हुनपर्नेछ :

**(१) <u>बालअधिकारको प्रचार प्रसार</u>** : बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम , पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बालअधिकारका बारेमा प्रचार प्रसार गर्ने ।

(२) **<u>बालअधिकार अनुगमन</u>** : बाल क्लबहरूले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको क्लबमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्थाको अनुगमन गर्न सक्ने छन् । बाल क्लबले अनगुमनबाट दखेको विषयहरु विद्यालय व्यवस्थापन समिति, नगरपालिकाको कार्यालय, नगर शिक्षा समिति, बालअधिकार समिति वा सहयोगी संस्था समक्ष आवश्यक कार्वाहीका लागि प्रस्तुत गर्न सक्नेछन् ।

(३) **<u>सेवाका लागि सम्प्रेषण र सुझाव</u>** : बाल क्लबहरूले आफ्नो समदुाय तथा विद्यालयमा हिसां, शाषेण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा न.पा. तथा वडाको बालबालिका डेक्स मार्फत सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सवोको लागि सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास र सरंक्षणमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(४) **<u>शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरू</u>** : बाल क्लबहरूको सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्तेपत्रिका, वक्तित्वकला, हिज्जे प्रतियोगिता, छोटो समयका विभिन्न सीप, कलाका प्रशिक्षण कार्यहरु सञ्चालन गर्न सकिनेछ ।

(५) **<u>सामदुायिक स्वयंसेवा :</u>** बालक्लबका १४ वर्षभन्दा माथि बालबालिकाले सरुक्षित ढंगले वयस्कहरूको साथमा गर्ने सामदुायिक स्वयंसेवाका कार्यहरु गर्न सक्नेछन् । तर यस्तो सामुदायिक स्वयंसेवा कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुने छैन । सामदुायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ । प्रचलित कानून बमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन् ।सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकालाई सहभागी गराउनुपूर्व बालबालिका सम्पर्क व्यक्ति मार्फत बाल अधिकार समितिको अनुमति अनिवार्य लिनुपर्नेछ ।

(६) **<u>निर्णय प्रक्रियालाई प्रभावित पार्ने</u>** : बाल क्लबहरूले सामूहिक रुपमा वा प्रतिनिधि मार्फत् बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू ।

(७) **<u>अन्य</u> :** उपर्युक्त कार्यक्रम बाहेक बाल सञ्जालले वार्षिक योजना तर्जुमा भेलामा आएका विविध विषयवस्तुलाई समेट्ने गरि विभिन्न कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

**१७. <u>गर्न नहुने कार्यहरु</u> :** बाल क्लब तथा सञ्जालले देहायका कार्यहरु गर्नु हुँदैन :-

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध ।
(२) समदुायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुऱ्याउने कार्य ।
(३) समदुायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।
(४) हिंसा र दर्ुव्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।
(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा, आवासिय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कायर्क्रम गर्न सकिने छ ।
(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।
(७) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।
(८) सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।
(९) आर्थिक जिम्मेवारी लिई गरिने कार्यहरु ।
(१०) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।
(११) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई बालअधिकारकर्मी, स्थानीय बालअधिकार समिति तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय वा नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।
(१२) प्रचलित कानून र सम्बन्धित् निकायबाट रोक लगाइएका कार्यहरु ।

## परिच्छेद ६
## विविध

**१८. स्रोतको व्यवस्थापन : नगर**पालिका तथा वडाले बालअधिकार संरक्षण तथा सम्वर्द्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि वजेट तथा स्रोतको व्यवस्थापन अनिवार्य गर्नेछ ।

**१९. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लव, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

**२०. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार स्थानीय बाल अधिकार समितिलाई हुनेछ ।

२५. **खारेजी :** यो कार्यविधी बालबालिका सम्बन्धी प्रचलित नेपाल कानूनसंग बाझिन गएमा बाँझिएको हद सम्म यो कार्यविधीमा लेखिएको कुराहरु अमान्य हुनेछन र नेपाल सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

२६. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल कानुनमा भएको बालअधिकार सरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्वन गरिनेछ ।

## अनुसुचि-१
## बालक्लवको विधान

**प्रस्तावनाः**
राष्ट्र निर्माणको लागि बालबालिकाहरुको समेत भूमिका महत्वपूर्ण हुने भएकोले उनीहरुको शारीरिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास गर्दै बालबालिकाहरुको हकहित एवं बाल अधिकारको विषयमा जनचेतना जगाई सामाजिक, सांस्कृतिक, शैक्षिक एवं अन्य सम्बद्ध क्षेत्रमा समेत बाल सहभागिता जुटाउन र बाल विकासका साथै बाल संरक्षणको पहल गर्न वाञ्छनीय भएकाले यो निर्देशिका तर्जुमा गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**
यस विधानको नाम "............... बाल क्लव गठन तथा कार्य संचालन विधान २०७९ रहने छ। यो विधान ...................पालिकाबाट स्वीकृत भए पछि तुरुन्तै लागु हुनेछ।

**२. कार्यालयः** यस विधान बमोजिम गठित ............. बाल क्लव......... को कार्यालय जिल्ला ............... न.पा. वडा नं. ........ स्थित ................. स्थानमा रहनेछ।

**३. ठेगानाः** यस बालक्लवको पत्राचार इमेल वा सम्पर्क ठेगाना निम्न बमोजिम हुनेछः
..................................................................................................................

**४. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः**
(क) "क्लव" भन्नाले यस विधानको धारा ६ अनुरुप गठित क्लव जनाउने छ। यो क्लव .........................नगरपालिका सुचिकृत भएको बाल क्लवलाई जनाउनेछ।
(ख) "बालबालिका" भन्नाले यस विधानको प्रयोजनको लागि ८ वर्षदेखि माथि १८ वर्ष ननाघेका बालबालिकाहरुलाई जनाउनेछ।

**५. उद्देश्य एवं कार्यहरुः**
यस बाल क्लवको देहाय बमोजिमका उद्देश्य एवं कार्यहरु रहनेछन्:
(क) बालबालिकाहरुको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक तथा सहभागितात्मक विकासको अभिबृद्धि गर्ने।
(ख) बाल अधिकार सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनको बारेमा सचेतना गराउनु।
(ग) बाल समूहको विस्तार र संगठनात्मक क्षमता अभिबृद्धि गर्ने।
(घ) धर्म, वर्ण, लिङ्ग, जातजाति वा अन्य कुनै आधारमा बालबालिकाहरुलाई विना भेदभाव समान अवसर प्रदान गर्ने बारे जनचेतना जगाउने
(ङ) बालबालिकाहरुको विरुद्ध हुने घरायसी हिंसा, बाल यौन शोषण, बाल दुर्व्यवहार, बालश्रम, बाल बेचविखन, बाल विवाह जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय रुपमा सचेतना जगाई सो को कानूनी उपचारको लागि
(च) बाल अधिकार सम्वन्धी बिबिध कार्यक्रमहरु संचालन गर्ने।
(छ) बाल विकास सम्बन्धी विविध कार्यक्रमहरु संचालन गर्नु।

(ज) पूर्व बालविकास सम्बन्धी कार्यक्रमहरुमा सहभागी गराउनु ।
(झ) बालबालिका सम्बन्धी हरेक गतिविधिमा सहभागिता गराउनु ।
(ञ) वातावरण स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई बाल गतिविधिमा समावेश गराउनु ।
(ट) आफ्नो समूह भित्रका बालबालिका सम्बन्धी विविध आधारमा तथ्यांकसंकलन गर्नु ।
(ठ) बालबालिकाहरुको समस्या पहिचान गरी सो समस्या सम्बन्धित निकायमा पुऱ्याउन र समाधान गर्ने प्रयत्न गर्नु ।
(ड) जन्मदर्ता, बाल शिक्षा, बालिका शिक्षा, बालबृद्धि (तौल) सरसफाई, खोप पोषण, बालस्याहार, आयोडिनको महत्व जस्ता मातृ एवं बाल स्वास्थको विषयमा सन्देश वाहकको रुपमा कार्य गर्ने ।
(ढ) बालबालिकाहरुसँग सम्वन्धित रोग झाडा पखाला, निमोनिया तथा खुल्ला दिशा पिसाव मुक्त क्षेत्र वनाउने लगायतका विषयमा समाजमा जानकारी एवं सो को निरकरणको लागि चेतना जगाउनु ।
(ण) पिछडिएका, जोखिममा परेका, विपन्न, द्वन्द एवं दैवी प्रकोपबाट पिडित बालबालिकाहरुको पुर्नस्थापनाको लागि पहल गर्नु ।
(त) अन्य बाल समूहहरु वा निकायसँग समेत समन्वय गरी एकिकृत रुपमा काम गर्ने ।
(थ) बालबालिकाको पूर्ण विकासका लागि अन्य विविध रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।
(द) एच.आई.भि. एड्सका सम्वन्धमा जनचेतना जागृत गराउने ।
(ध) बाल विवाह, वहुविवाह, अनमेल विवाह, जातिय भेदभाव एवं दाइजो प्रथा लगायत सामाजिक विकृतिको विरुद्ध जनचेतना जगाउने ।
(न) बालबालिकाहरुलाई विविध प्रतिस्पर्धात्मक गतिविधिमा विना भेदभाव बालबालिकालाई सरिक गराउन पहल गर्ने ।

**६. बाल क्लवको गठनः**

६.१ बालक्लवको गठन सदस्यहरुको साधारण सभाबाट हुने निर्वाचन प्रकृयाबाट हुनेछ । यस बालक्लवको कार्य समितिमा निम्नानुसारका पदाधिकारी हुनेछन्:
(क) अध्यक्ष : १ जना
(ख) उपाध्यक्ष : १ जना
(ग) सचिव : १ जना
(घ) सहसचिव : १ जना
(ङ) कोषाध्यक्ष : १ जना
(च) सदस्य : बढिमा १४ जनासम्म
(छ) सल्लाहकार : आवश्यकतानुसार
(ज) संरक्षक : १ जना
६.२ बाल क्लवको कार्य समितिको संरचना समावेशीताको आधारमा गठन हुनेछ ।

**७. सल्लाहकारः**

**बाल क्लवले सल्लाहकार नियुक्ति गर्दा निम्न आधारमा गर्नु पर्दछ :**
(क) पूर्व बाल क्लवको अध्यक्ष पदेन सल्लाहकार हुनेछ ।

(ख) स्थानीय शिक्षक, खेलाडी, प्रतिष्ठित विद्वान, प्राध्यापक वा समाजका प्रतिष्ठित व्यक्ति वा सम्बन्धित संस्थाका सदस्यहरुका अभिभावक मध्येबाट आवश्यकतानुसार सल्लाहकारहरु रहने छन् ।

**८. संरक्षकः**

बाल क्लवका संरक्षकमा संस्थालाई अभिभावकको रुपमा आर्थिक वा व्यवस्थापकीय सहयोग प्रदान गर्ने संस्था/व्यक्ति रहने छन् । संरक्षकको नियुक्ति बाल क्लवको निर्णय अनुसार हुनेछ ।
८.१ विद्यालयमा एकजना शिक्षक संरक्षक र प्राधानाध्यापक प्रमुख संरक्षक शिक्षक रहनेछन ।

**९. पदावधिः**

बाल क्लवको पदावधी गठन भएको मितिले २ वर्षको हुनेछ । कुनै पदाधिकारीले राजिनामा दिएमा वा अन्य कुनै कारणले पद रिक्त भएमा पदाधिकारीको हकमा बाँकी अवधिका लागि सम्बन्धित बाल क्लवले आफु मध्येबाट नियुक्ति गर्नेछ र सदस्य पदका लागि आफ्नो साधारण सदस्य मध्येबाट चयन गर्नु पर्नेछ ।

**१०. सदस्यताः**

**अ. सदस्यताको योग्यताः**

बाल क्लवमा देहायका बालबालिका सदस्य हुन पाउने छन् :
(क) उमेर कम्तिमा ८ वर्ष पुगी १८ वर्ष ननाघेको
(ख) स्थायी सरुवा रोग नलागेको ।
(ग) पूर्ण रुपमा मानसिक सन्तुलन नगुमेको ।
(घ) समूहको निर्देशिकामा प्रतिबद्ध हुने ।

**आ. सदस्यताको खारेजीः**

(क) राजिनामा दिएमा ।
(ख) अविश्वासको प्रस्ताव पारित भई बहुमतले हटाएमा ।
(ग) सदस्यता नविकरण नभएमा ।
(घ) लगातार तीन पटक विना सूचना वैठकमा अनुपस्थित भएमा ।
(ङ) एक भन्दा बढी बाल क्लवको सदस्यता लिएको पाइएमा वा प्रतिनिधित्व गरेमा ।

**११ . आरक्षणः**

यस बाल समूहमा सम्पूर्ण सदस्य संख्याको कम्तिमा ४० प्रतिशत बालिका हुनुपर्नेछ तर समूहमा पर्याप्त बालिका सदस्य नभएमा पनि क्लव कायमै रहनेछ ।

**१२. सदस्यता शुल्क तथा नविकरणः**

(क) बाल समूहको सदस्यता शुल्क वा नविकरण शुल्क वा अन्य कुनै शुल्क बाल समूहले तोके बमोजिम हुनेछ ।
(ख) बाल समूहका सदस्यले आ आफ्ना समूहमा हरेक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ ।

**१३. निर्णयः**

बाल क्लवहको बैठकमा बहुमतको निर्णय मान्य हुने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने सक्ने छ ।
नोटः निर्णय प्रक्रियामा संरक्षक वा सल्लाहकारले मतको प्रयोग गर्न पाउने छैनन् ।

**१७. निर्वाचनः**
बाल क्लवले प्रजातान्त्रिक पद्धति अनुरुप आफ्नो क्लवको निर्वाचन पदावधि समाप्त हुनुभन्दा एक महिना पहिले सम्पन्न गर्नुपर्नेछ ।

**१८. निर्वाचन अधिकृत :**
बाल क्लवले आफ्ना संरक्षक एवं सल्लाहकार मध्येबाट कम्तिमा तीन जना निर्वाचन अधिकृत तोक्नु पर्नेछ । सो मध्ये एक जना मुख्य निर्वाचन अधिकृत रहने छन् । मुख्य निर्वाचन अधिकृतले निर्वाचन प्रक्रिया वा कार्यविधि आफै निर्धारण गर्नेछ ।

**१९. कोषः**
(क) यस बाल समूहले आफ्नो नामबाट एउटा कोषको स्थापना गर्नेछ ।
(ख) बैंक वा वित्तिय संस्थामा खाता संचालन गर्न क्लवबे अध्यक्ष,कोषाध्यक्ष र संरक्षकको नामवाट सञ्चालन गर्नुपर्नेछ । कोषबाट रकम झिक्नु पर्दा क्लवको निर्णय अनिवार्य रुपमा हुनु पर्नेछ । बाल क्लवको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ । तथा वैंक खाता खोल्नका लागि नगरपालिकाको अनिवार्य सिफारिस लिनु पर्नेछ ।
(ग) कोषमा देहायका स्रोतबाट रकम जम्मा हुनेछः
१. बालबालिकसँग सम्वन्धित निकायबाट प्राप्त सहयोग ।
२. सहयोग, उपहार ।
३. सदस्यता तथा नविकरण शुल्क ।
४. सांस्कृतिक वा विविध रचनात्मक कार्यक्रमबाट उठेको रकम।
५.समूहको प्रकाशनबाट प्राप्त हुने रकम ।
६. अन्य सामाजिक संघ संस्थाबाट प्राप्त रकम ।

**२०. प्रतिवेदनः**
बाल क्लवले आफ्नो वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन नगरपालिकामा प्रत्येक वर्षको असार मसान्त भित्र पेश गर्नु पर्नेछ ।

**२१. संशोधनः**
बाल क्लवको साधारण सभाको दुई तिहाई सदस्यहरुको वहुमतले पारीत गरी नगरपालिकाबाट स्वीकृत भएमा यो विधान संशोधन हुन सक्नेछ ।

**२२. बचाउः**
प्रस्तुत विधानमा उल्लेखित कुराहरु प्रचलित नेपाल ऐन नियम वा विनियमसँग बाँझिएमा बाँझिएको हदसम्म यस विधानमा उल्लेखित कुराहरु स्वतः अमान्य हुनेछन् ।

**२३. क्लवको खारेजी वा विघटनः**

कुनै कारणवश क्लव खारेजीमा परेमा वा विघटन हुन गएमा त्यस समूहको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकाको संरक्षणमा सर्नेछ ।

**२४. विविधः**

१. साधारण सभाः क्लवको साधारण सभा वर्षको एक पटक बस्नेछ । साधारण सभाको सूचना प्रत्येक सदस्यहरुलाई १ महिना अगावै सचिवले दिनु पर्नेछ । साधारण सभामा समूहको वार्षिक कार्य प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन तथा वार्षिक कार्ययोजना सम्वन्धी प्रस्तावहरु निर्णयार्थ समूहले पेश गर्नेछ । साधारणसभाको गणपूरक संख्या समूहका साधारण सदस्यहरुको ५१% को उपस्थितिलाई मानिनेछ ।

२. विनियम बनाउन सक्ने : विधानको उद्देश्य प्राप्तीको लागि क्लवले विनियम बनाउन सक्नेछन् साथै आवश्यक समिति र उपसमितिहरुको पनि गठन गर्न सक्नेछन । यो समितिको कार्यबिधि बाल क्लवले निर्धारण गर्नेछ ।

३. अविश्वासको प्रस्तावः विधान विपरित कार्य गरेको भनि क्लवका कुनै पदाधिकारी माथि क्लवका एक तिहाई सदस्यहरुले गरेको लिखित अविश्वासको प्रस्ताव क्लवमा पेश गरेमा सो प्रस्ताव साधारण सभाको वहुमतबाट पारित भएमा त्यस्ता पदाधिकारीहरु स्वतः पद मुक्त हुनेछन् ।

४. क्लवले आफ्नो विधान एवं पदाधिकारी सदस्य सहितको नामावली नगरपालिमा सम्वन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ ।

अनुसूची १

क्लवको छाप

(क्लवको छापमा क्लवको नाम, स्था. वर्ष र ठेगाना अनिवार्य रुपमा हुनु पर्नेछ)

अनुसूचि २

क्लवका कार्यसमितिका पदाधिकारीहरु

| क.सं. पद | नाम, थर | पुरा ठेगाना | सम्पर्क नम्बर |
|---|---|---|---|
| हस्ताक्षर | | | |
| अध्यक्ष | | | |
| उपाध्यक्ष | | | |
| सचिव | | | |
| सहसचिव | | | |
| कोषाध्यक्ष | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |

सदस्य
सदस्य

नोटः
१. यस बमोजिम साधारण सदस्यहरु थप गर्न सकिने छ।
२. समूहका साधारण सदस्यहरुले प्रत्येक वर्ष सदस्यता नविकरण गर्नु पर्नेछ।
३. विधान बमोजिम आबद्धता एवं सूचिकृत गराउनु पर्ने निकाय वा संस्थामा नगरपालिका वा विद्यालय वा सम्वन्धित संरक्षकत्व प्रदान गरेको संस्था मध्ये कुनै एकको सिफारिश संलग्न हुनु पर्ने छ। सिफारिश साथ कार्य समितिका सबै पदाधिकारीहरुको संयुक्त निवेदन स्थानीय तहमा पेश गर्नु पर्नेछ।
४. यस विधानको पालनाको प्रतिबद्धताको लागि बाल क्लवको कार्य समितिका सम्पूर्ण पदाधिकारीहरुले विधानको सबै पानाको तल माथि हस्ताक्षर गरेको हुनु पर्नेछ।
५. आबद्धता वा सूचिकृत गर्दा दुई प्रति विधान रित पूर्वक तयार गरी पेश गर्नु पर्नेछ।

अनुसुचि-२
सुचीकृत गर्न दिईने निवेदन

मिति

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
इनरुवा नगरकार्यपालिकाको कार्यालय ।

विषय : बालक्लब सूचिकृत गरी पाऊँ

महोदय,

हामीले ........................ नामको बालक्लव खोल्न चाहेकोले ...............................स्थानीय तहवाट स्विकृत कार्यविधि बमोजिम सुचिकृत गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित क्लव विधानको एक प्रति, सिफारिश, बालक्लव आवद्दता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाण पत्रको फोटोकपी यसै साथ संलग्न गरिएको छ ।

भवदीय
अध्यक्ष

संलग्न कागजातहरु
१) अनुसुची २ अनुसारको निवेदन
२) विधान २ प्रति
३) प्रतावित बालक्लवको निर्णय

**अनुसुची-३**

**प्रमाणपत्र**

इनरुवा नगरपालिका
सुनसरी जिल्ला
कोशी प्रदेश
नेपाल

**सुचिकृत/आवद्धता प्रमाणपत्र**

आवद्धता नं. मिति

श्री.......................................बालक्लव

..................................................

सुनसरी जिल्ला इनरुवा नगरपालिका वडा नं............को .....................................विद्यालयमा गठन भएको .....................................बालक्लवलाई यस नगरपालिकामा आवद्धता गरी यो आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धि अन्तराष्ट्रिय महासन्धि, १९८९ तथा सबै बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछु ।

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखत

## अनुसूची ४
## सपथ ग्रहण

म (आफ्नो नाम ) बालबालिकाको नाममा यो सपथ लिन्छु की म ...............................पदमा रही निष्ठापुर्वक, मन वचन र कर्मलेपदिय दायित्व, ईमान्दारिता र जिम्मेवारीपूर्वक पुरा गर्नेछु । बालअधिकारको सदैव सम्मान गर्नेछु । म कुनैपनि बालअधिकार हनन हुने कार्य गर्ने छैन । संस्थालाई आघात पर्ने कुनैपनि कार्य गर्ने छैन ।

नाम :
पद :
दस्तखत

**अनुसुची ५**
**इनरुवा नगरपालिका**
**कोशी प्रदेश**
**बालक्लव सुचिकरणको दर्ता किताव**

| क्र. सं. | बालक्लवको नाम | ठेगाना | बालक्लवमा सदस्य संख्या | | संरक्षक को नाम | स्थापना मिति | सुचिकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुझ्ने को नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**आज्ञाले**
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत